पर्सा जिल्लाको श्रीपूरमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# व्यवसायिक गाई तथा भैसीपालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ३० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ फागुन ०८ गते देखि १० गतेसम्म पर्सा जिल्लाको बिरगंज महानगरपालिका १३ जिल्ला समन्यव समितीमा **“व्यवसायिक गाई तथा भैसीपालन तालिम”** सम्पन्न गरेको संस्थाका श्रीपूर शाखा कार्यालयका शाखा प्रमुख श्री नन्दलाल पालले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु डा.धनसुन्दर साहे र श्री महेश साह रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवादिई रहेको यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय कार्यक्रम अधिकृत श्री राधेश्याम सहानी ले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्यबारेमा संस्थाको श्रीपूर शाखा कार्यालयका प्रमुख श्री नन्दलाल पालले प्रकाश पारेका थिए ।

तलिममा रोगी तथा निरोगी गाई/भैसीको पहिचान गर्ने तरिका, रिपिट ब्रिडर्स, गर्भपतन, डिसटोकिया, प्रोल्याप्स रोगका मुख्य मुख्य कारण, लक्षण, उपचार तथा रोकथामका उपायहरु, गाई/भैसीपालनको महत्व, नेपालमा पालिने विभिन्न स्थानीय तथा उन्नत नश्लका गाई/भैंसीपालनको जातिय परिचय, कमी कमजोरी, संरक्षण तथा विकास, दुग्ध उत्पादनमा गाई/भैंसीको योग्यदान, दुधालु गाई/भैसी छनौट गर्ने प्रक्रिया र यसको महत्व, गाई/भैंसीको भाले

खोज्ने उमेर, भाले खोजेको समय पता लगाउने, भाले लगाउने उत्तम समय र पहिचान गर्ने तरीका, कृत्रिम/प्राकृतिक गर्भाधान, यसको महत्व र गाई/भैंसीमा बाँझोपनाका मुख्य मुख्य कारणहरुको साथै समाधानका उपायहरु, गाई/भैसी पालन विधि, उमेर र अवस्था अनुसार गाई/भैंसी, बाच्छा बाच्छी, पाडा पाडीलाई भुई(ठाउँ)को आवश्यकता तथा स्थानीय श्रोत साधनको प्रयोग गरी उन्नत गोठ निर्माण गर्ने तरिका, ब्याउने गाई/भैंसी, दुहुना गाई /भैंसी तथा बाच्छा र बाच्छी, पाडा/पाडीको हेरचाहको साथै बिगौती दुध र यसको महत्व, दुधालु गाई /भैसीको लागि बर्षै भरि हरियो घाँस उत्पादन गर्ने तरिका, गाई /भैसीमा हने आन्तरीक तथा बाहय परिजीवीहरुको नियन्त्रणको साथै खोप कार्यक्रम, उन्नत/ गाई भैसीं पालन ब्यवसायको योजना तर्जुमा र अभिलेख राख्ने तरीका र यसको महत्व । गाई र भैसीपालन ब्यवसायको बाजार ब्यवस्थापन, गाई /भैसीमा लाग्ने मुख्य मुख्य रोग बारे सामान्य जानकारी , लक्षण, उपचार तथा रोकथामका उपायहरु सम्बन्धी विषयहरु तथा बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने श्रीपूर शाखा कार्यालयका प्रमुख श्री नन्दलाल पालले बताएका थिए ।




यस निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटाशाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालनगर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।

संस्थाले २०७५ पौष मसान्तसम्ममा ३ लाख ३८ हजार २०० घरपरिवारहरुमा सेवा विस्तार गरेको छ। संस्थाले २०७५ पौष मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १७ अरब ०९ करोड रहेको छ भने ग्राहक सदस्यहरुका ९ अरब ६९ करोड बचत परिचालन गरेको छ। भैंसीपालन गरीरहेका र गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका श्रीपूर शाखाका शाखा प्रमुख श्री नन्दलाल पालले जानकारी गराएका थिए।

